नेपाल सरकार
संङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय
**नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय**
जि. प्र. का. द. नं.: ०४७/०६३/६४

# प्रतिलिपि अधिकार बुलेटिन
## Copyright Bulletin

सूचना तथा सचेतनाका लागि

**नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको चौमासिक प्रकाशन**

असार ३२, २०६८ Volume 5, Issue 15 July16, 2011

## Inside this issue

| | |
|---|---|
| क्षेत्रीय तालीम | २ |
| पोखरामा अन्तरक्रिया कार्यक्रम | २ |
| Rationale of Copyright Protection (Article) | ३ |
| बौद्धिक सम्पत्ति नीतिको आवश्यकता (लेख) | ४ |
| WPPT एक चिनारी (लेख) | ५ |
| संगीत उद्योग संघको सहकार्यमा अन्तरक्रिया | ६ |
| बार एशोसिएसनसँगको सहकार्यमा कार्यक्रम | ६ |
| फैसला अध्ययन | ७ |
| अन्तरक्रिया कार्यक्रम | ७ |
| Registration of Creations | ८ |

सम्पादक समूह:

**बिसु कुमार के.सी.**

**नारायणप्रसाद अर्याल**

**विश्वबन्धु पौडेल**

डिजाइन तथा कम्प्युटर

**दिपेन्द्र कक्षपती**

**रत्नकाजी महर्जन**

www.nepalcopyright.gov.np

यदि तपाईंसँग बौद्धिक सम्पत्ति, प्रतिलिपि अधिकार एवं तत्सम्बन्धी अधिकारका विषयमा कुनै कानूनी वा अन्य जिज्ञासा भएमा आफूलाई लागेका प्रश्नहरु हामीलाई लेखी पठाउनुहोला । यस बुलेटिनका आगामी अङ्कहरुमा तपाईंका प्रश्नहरुको उत्तर दिने प्रयास गर्नेछौं ।

धन्यवाद ॥

# जिल्ला न्यायाधीशहरूका लागि तालीम/कार्यशाला



नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले यही २०६८ वैशाख २ र ३ मा ललितपुरको गोदावरीमा जिल्ला न्यायाधीशहरूको लागि आवासीय तालीम/कार्यशाला आयोजना गऱ्यो । उक्त कार्यशालामा प्रशासकीय अदालत, विशेष अदालत र पुनरावेदन अदालत, पाटनका रजिष्ट्रार तथा २४ जना जिल्ला न्यायाधीश समेत गरी जम्मा २७ जनाको सहभागिता थियो । कार्यालयले प्रतिलिपि अधिकारका विविध पक्षमा छलफल गर्ने उद्देश्यले यस अघि पनि यस्तै तालीम/कार्यशाला आयोजना गर्दै आएको छ । "प्रतिलिपि अधिकारका विविध पक्षहरू एवं कानून कार्यान्वयनको अवस्था" विषयमा आयोजित उक्त कार्यक्रमको उद्घाटन गर्दै सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयका सचिव मोदराज डोटेलले जिल्ला न्यायाधीशहरूसँगको छलफलले प्रतिलिपि अधिकार संरक्षणमा उल्लेख्य योगदान पुग्ने कुरामा मन्त्रालय आशावादी भएको बताउनु भयो । स्रष्टा अधिकार उल्लंघन विरूद्धमा पर्ने मुद्दाको अन्तिम टुङ्गो लगाउने जिम्मेवारी भएका न्यायाधीशहरूलाई यसका विविध पक्षका सम्बन्धमा जानकारी गराउने अवसर आफूहरूलाई प्राप्त भएकोमा उहाँले सर्वोच्च अदालत प्रशासनप्रति आभार समेत व्यक्त गर्नु भयो । प्रतिलिपि अधिकार उल्लंघन सम्बन्धी मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा परेको मानिने, सरकारवादी हुने र मुद्दाको कारवाही तथा किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन बमोजिमको कार्यविधि अपनाउनुपर्ने कानूनी प्रावधानको चर्चा गर्दै उहाँले यस सम्बन्धी मुद्दा फछ्र्यौटको क्रममा स्रष्टा र सिर्जनाको सम्मान एवं हित हुने गरी गर्न आग्रह गर्नु भयो । दैनन्दिन बढेको प्रतिलिपि अधिकार उल्लंघनको वास्तविक नियन्त्रण न्यायालयको सक्रियताबाट सम्भव हुने हुँदा त्यसका लागि आ-आफ्नो तर्फबाट पहल गर्न र विद्यमान ऐनमा रहेका कमी कमजोरी पहिल्याई सुधारका लागि सुझाव समेत उपलब्ध गराउन उहाँले अनुरोध गर्नु भएको थियो ।

कार्यक्रममा आफ्नो मन्तव्य राख्दै ललितपुर जिल्ला अदालतका जिल्ला न्यायाधीश कृष्णप्रसाद वास्तोलाले कार्यालयले आयोजना गरेको विगतको यस्तै कार्यक्रमबाट आफू निकै लाभान्वित भएको हुँदा अहिलेका सहभागीहरूलाई पनि निश्चित रूपले लाभ पुग्ने धारणा व्यक्त गर्नु भयो । पुनरावेदन सरकारी वकिल कार्यालय, पाटनका सहन्यायाधिवक्ता ऋषिराम दवाडीले पछिल्लो समयमा बढ्दो क्रममा रहेको पाइरेसी नियन्त्रण गर्ने सिलसिलामा यस्ता प्रकृतिका तालीम तथा कार्यशालाबाट हुने जानकारी उपयोगी ठहर्ने विचार अभिव्यक्त गर्नु भयो । कार्यक्रमको उद्घाटन सत्रको अध्यक्षता ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी रत्नराज पाण्डेले गर्नु भएको थियो । उहाँले ललितपुरमा भएका प्रतिलिपि अधिकार उल्लंघनका घटना आफ्नो जानकारीमा आए नियन्त्रणमा कुनै सम्झौता नगर्ने प्रतिवद्धता जनाउनु भयो । कार्यक्रममा कार्यालयका का.मु. रजिष्ट्रार नारायणप्रसाद अर्यालले अतिथि लगायत सम्पूर्ण सहभागीलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो । उहाँले अनधिकृत कार्यलाई निरूत्साहित गरी वास्तविक रचयिता तथा अधिकारधनीलाई प्रोत्साहित गर्ने कार्यालयको उद्देश्यमा उक्त कार्यक्रमले केही हदसम्म सहयोग पुऱ्याउने विचार राख्नु भयो । सूचना प्रविधिको दुरूपयोग गरी हुने अधिकार उल्लंघन नियन्त्रणमा न्यायालयले प्रभावकारी भूमिका निभाउनु पर्ने अवस्थाको सिर्जना भएको समेत उहाँले बताउनु भयो ।

कार्यक्रममा कार्यालयका पूर्व रजिष्ट्रार तथा सहसचिव वीरबहादुर राई, प्रशासकीय अदालतका अध्यक्ष काशीराज दाहाल, पूर्व सचिव भरतबहादुर थापा, प्रमाणीकरण

बाँकी पृष्ठ ६ मा



कार्यक्रम/घटना विवरण

## क्षेत्रीय तालीम सम्पन्न

सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका विभिन्न जिल्लाका मुख्य गरी प्रतिलिपि अधिकार ऐन कार्यान्वयनको जिम्मेवारी हुने निकायहरूमा कार्यरत अधिकृत एवं अन्य सरोकारवालाहरूको लागि २०६८ को वैशाखमा कैलालीको धनगढीमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयद्वारा क्षेत्रीयस्तरको तालीम सम्पन्न भयो । सो क्षेत्रका ६० जना भन्दा बढी



सरकारी कर्मचारी, प्रहरी, स्रष्टा सर्जक एवं अन्य सरोकारवालाहरूको सहभागितामा सम्पन्न उक्त कार्यक्रमको उद्घाटन साहित्यकार एवं कैलाली जनपुस्तकालयका अध्यक्ष दिनानाथ भट्टले गर्नु भएको थियो । उद्घाटन मन्तव्य व्यक्त गर्दै उहाँले सुदूरपश्चिम क्षेत्रले समग्र विकासको सन्दर्भमा भोग्दै आएको पीडाको अनुभूति स्रष्टाले पनि भोग्न बाध्य हुने अवस्थाको अन्त्यका लागि राज्यका तर्फबाट थप पहल हुन आग्रह गर्नु भयो । कार्यक्रममा मन्तव्य व्यक्त गर्दै कार्यालयका का.मु. रजिष्ट्रार नारायणप्रसाद अर्यालले सिर्जनाका धनीहरूको बाहुल्यता भएको सुदूरपश्चिम क्षेत्रका सिर्जनाकर्मीको हक अधिकार संरक्षणका खातिर कार्यालय सदैव तल्लीन रहने बताउनु भयो । उहाँले प्रतिलिपि अधिकार संरक्षणमा स्रष्टाको सचेतता, प्रयोगकर्ताको नैतिकता, व्यवसायीको व्यावसायिकता, कानून कार्यान्वयन गर्ने निकायको प्रतिवद्धता र नागरिक समाजको निरन्तर दवाव आवश्यक रहेको कुरा औंल्याउनु भयो । कार्यक्रममा मन्तव्य व्यक्त गर्दै भन्सार कार्यालय, कैलालीका प्रमुख कमल राजलवटले पाइरेसीजन्य सामग्रीको आयात रोक्न भन्सार कार्यालयले अत्यन्तै कडाई गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो । कार्यक्रमको उद्घाटन सत्रमा कैलाली बहुमुखी क्याम्पसका प्रमुख सुरेन्द्र बहादुर चन्द, महाकाली साहित्य संगमका अध्यक्ष वीरबहादुर चन्द, स्रष्टा श्रेष्ठ पिया पत्थर लगायतले आ-आफ्नो मन्तव्य राख्नु भएको थियो । उद्घाटन सत्रको सभापतित्व सुदूरपश्चिम साहित्य समाजका अध्यक्ष रामलाल जोशीले गर्नु भएको थियो । उद्घाटन सत्रको समापन गर्दै अध्यक्ष जोशीले कार्यालयका आगामी कार्यक्रमको पहुँच धनगढी र महेन्द्रनगरको सेरोफेरोबाट अलि परका जिल्लासम्म पुर्‍याउन अनुरोध गर्नु भयो । कार्यक्रममा कार्यालयका का.मु. रजिष्ट्रार नारायणप्रसाद अर्याल र कैलाली बहुमुखी क्याम्पसका सहप्राध्यापक डा. पदमराज जोशीले प्रतिलिपि अधिकारका विभिन्न पक्षमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । सो क्रममा सहभागीहरूले कार्यक्षेत्रमा देखिएका समस्या उजागर गरी समाधानका उपायका सम्बन्धमा आ-आफ्ना जिज्ञाशाहरू राख्नु भएको थियो ।

## Talk Program सम्पन्न

कानून व्यवसायी, प्रस्तोता, संगीतका स्रष्टा तथा प्रस्तोता एवं संगीत व्यवसायी समेतको उपस्थितिमा हालसालै काठमाडौंमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयद्वारा WIPO Performances and Phonograms Treaty (WPPT) का सम्बन्धमा Talk Program आयोजना गरियो । उक्त कार्यक्रममा कार्यालयका रजिष्ट्रार बिसु कुमार केसी.ले विषयवस्तुको गाम्भिर्यताका सम्बन्धमा प्रकाश पार्नु भएको थियो भने कार्यालयका कानून अधिकृत विश्वबन्धु पौडेल र काठमाडौं स्कूल अफ ल का उपप्राध्यापक राजकुमार सुवालले सोही सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा अधिवक्ता परशुराम कोइरालाले कार्यपत्रहरूमाथि टिप्पणी गर्दै उक्त सन्धिका अधिकांश प्रावधान नेपालको विद्यमान प्रतिलिपि अधिकार ऐनले समेटिसकेको हुँदा आवश्यक संस्थात्मक एवं स्रोतगत तयारी पूरा गरी सोको पक्ष बन्दा खासै फरक नपर्ने धारणा व्यक्त गर्नु भयो । अधिवक्ता सज्जनबरसिंह थापाले समेत कोइरालाको भनाईमा सहमति जनाउँदै तयारी गरेपश्चात सन्धिको पक्ष बन्दा नेपालले खासै हानी व्यहोर्नु पर्ने अवस्था नदेखिएको औंल्याउनु भयो । कार्यक्रममा प्रतिलिपि




अधिकार संरक्षण समाजका महासचिव सन्तोष शर्माले नेपालको वर्तमान प्रतिलिपि अधिकार ऐन WPPT का प्रावधान समेत अंगीकार गरी तर्जुमा गरिएको हुँदा त्यसको परिमार्जनमा भन्दा प्रभावकारी कार्यान्वयनमा पहल गर्नु पर्ने आवश्यकतामा जोड दिनु भयो । कार्यक्रममा नेपाल गायन समाजका अध्यक्ष रामकृष्ण ढकाल, कोषाध्यक्ष रीमा गुरूङ, अधिवक्ता अञ्जु उप्रेती, नेपाल संगीत उद्योग संघका निवर्तमान अध्यक्ष भवगान कुमार श्रेष्ठ लगायतले आ-आफ्ना धारणा राख्नु भएको थियो । कार्यालयका शाखा अधिकृत नारायणप्रसाद अर्यालले सञ्चालन गर्नु भएको उक्त कार्यक्रमको समापन वरिष्ठ गीतकार एवं प्रतिलिपि अधिकार संरक्षण समाजका अध्यक्ष कालिप्रसाद रिजालले आफ्नो भनाई सहित गर्नु भएको थियो ।

## भीमदत्तनगरमा कार्यक्रम

२०६८ असार पहिलो हप्ता नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय र महाकाली साहित्य संगम कञ्चनपुरको संयुक्त आयोजनामा कञ्चनपुरको भीमदत्तनगरमा वृहत छलफल कार्यक्रम सम्पन्न भयो । कार्यक्रमको उद्देश्य सो क्षेत्रमा क्रियाशील स्रष्टा सर्जक, प्रतिलिपि अधिकार उद्यमी, प्रसारण संस्था, ध्वनिअंकन उत्पादक, पुस्तक प्रकाशक तथा बिक्रेता, कलाकर्मी लगायतलाई प्रतिलिपि अधिकारका विविध पक्षका सम्बन्धमा जानकारी प्रदान गरी आफ्नो अधिकार संरक्षणमा जागरूक र अरूको अधिकारको सम्मानमा क्रियाशील तुल्याउन पहल गर्नु रहेको थियो । महाकाली साहित्य संगमका अध्यक्ष वीरबहादुर चन्दको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा संघकै पदाधिकारी एवं कानून व्यवसायी समेत गरी २ जनाले कार्यपत्र समेत प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा स्रष्टा अधिकार संरक्षणको आवश्यकता, यसका लागि स्थानीय तथा केन्द्रीय प्रशासनले निर्वाह गर्नु पर्ने भूमिका, स्रष्टा आफैको जिम्मेवारी तथा अन्य सरोकारवालाहरूको दायित्वका सम्बन्धमा विस्तृत छलफल भएको थियो ।

## पोखरामा अन्तरक्रिया कार्यक्रम

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको आयोजनामा मिति २०६८ साल असार ८ गते कास्कीको पोखरामा "प्रतिलिपि अधिकार ऐन, २०५९ मा सुधारका क्षेत्रहरू" विषयक अन्तरक्रिया कार्यक्रम



सम्पन्न भयो । उक्त कार्यक्रमको मुख्य उद्देश्य सरोकारवालाहरूलाई परेका समस्या समेतका आधारमा प्रतिलिपि अधिकार ऐनमा गर्नु पर्ने समयसापेक्ष सुधारका सम्बन्धमा सुझाव संकलन गर्नु रहेको थियो । कार्यक्रममा विभिन्न क्याम्पसमा प्राध्यापनरत प्राध्यापक, अध्येता, कानून व्यवसायी, स्रष्टा, सर्जक, कलाकार तथा नेपाल प्रहरी लगायत कानून कार्यान्वयन गर्ने विभिन्न निकायमा कार्यरत करीव ७० जनाको सहभागिता थियो ।

कार्यक्रमको शुरुमा प्रा.डा. पशुपति तिमिल्सिना, वरिष्ठ लोक दोहोरी गायक प्रजापति पराजुली र पुनरावेदन बार एसोशियसन, पोखराका अध्यक्ष जगन्नाथ ढकालले मन्तव्यसँगै संशोधनका विषय राख्नु भएको थियो । सो अवसरमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार विसु कुमार केसीले आगन्तुकहरूलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्य माथि संक्षिप्त रूपमा प्रकाश पार्नु भएको थियो । कार्यक्रममा रजिष्ट्रार केसी. ले 'प्रतिलिपि अधिकारका विविध पक्षहरू' सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्र प्रस्तुत गर्दै उहाँले ऐनमा देखिएका कमजोरी एवं सहभागीहरूले अनुभव गरेका समस्या खुलस्त रूपमा राख्न अनुरोध गर्नु भएको थियो । सोही कार्यालयका शाखा अधिकृत नारायणप्रसाद अर्यालले 'प्रतिलिपि अधिकार ऐन, २०५९ का प्रमुख व्यवस्था र सुधारका क्षेत्रहरू' विषयमा आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यपत्रमा कार्यालयले देखेका सुधारका संभावित विषयहरू समेटिएका थिए ।

कार्यक्रममा डा. रविलाल अधिकारी, कमलप्रसाद अर्याल, विनोद रेग्मी, यादवचन्द्र भूर्तेल, कपिलमणि दाहाल, केशवप्रसाद तिमिल्सिना, निर्मल कुमार कार्की, डा. कुश्माकर न्यौपाने, भीम गायक, लक्ष्मीशरण अधिकारी, कमल पौडेल, विष्णुप्रसाद पौडेल, लक्ष्मीप्रसाद पौडेल, छवि सुवेदी, जिल्ला प्रहरी कार्यालय र साझा प्रकाशनका प्रतिनिधि लगायतका सहभागिहरूले आ-आफ्ना सुझाव राख्नु भएको थियो ।



प्रतिलिपि अधिकारको उल्लंघन गरी दण्ड, सजायको भागीदार नबनौं ।

Article

# Rationale of Copyright Protection in Nepal

**Copyright & Related Rights:** Copyright and other forms of intellectual property are designed to promote the general happiness and creators, inventors and artists are required to be allowed to profit from their works, consequently, these profits give them incentive to invent and create. This is the rationale given in the Constitution of US which justifies copyright as being promulgated "to promote the progress of science and useful arts" and Universal Declaration of Human Rights justifies the right of the author to the "protection of the moral and material interests resulting from any scientific, literary, or artistic works" The legal protection afforded on original, creative and intellectual works permits the development and flourishing of cultural industries as well as technology oriented business based on computer software and other technologies. Advanced technologies, multi-media technologies, Internet have been developing at faster pace and facilitate the global dissemination of ideas, creative activities.

It is being increasingly realized that copyright and other forms of Intellectual Property are the most valuable assets in commercial transactions, whether licensing agreements, manufacturing, purchases or distribution, agreements or mergers and acquisitions. Businesses from multinationals to small and medium-sized enterprises can benefit from accumulating intellectual property assets. Some of notable contributions of copyright & related rights in GDP and employment give us valid justification for protection and promotion of creative works and associated industries, for instance, US total copyright industries contributed US $1.52 trillion to GDP in 2007, core copyright industry employment grew to 5.6 million workers in 2007, in UK 135,000 companies-software & electronic, publishing, visual and performing arts contributed in employment 14.4 percent in each company, the core UK film industry contributed over 4.5 billion pounds to UK's GDP in 2009 and in Australia employed more than 837,000 people in 2007 (vide Mr. Ang Kwee Tiang, the WIPO National Seminar, Kathmandu, August 19, 2010).

The protection and promotion of creations of creators and inventors from smaller and weaker economies like Nepal are seen difficult. Nepali society is plural society deeply divided along castes and ethnic or racial, linguistic, religious and ideological lines and each sub-society or segment, not to mention the ideological one, differs distinctly with other sub-societies in several ways in terms of caste /ethnicity they belong, the languages they speak, the religions they espouse and the customs and traditions they adhere to. The economy of Nepal is primarily based on agriculture which contributes more than forty-one percent of GDP and eighty three percent employment. Economic development is very essential for the development of the country, in this connection, several key factors and determinants play significant roles for economic development including intellectual property related industries, viz. music industries, film industries, printing industries, computer software industries, telecommunication industries, publishing industries etc. It is to be noted that Nepal, since Kirat period, has been found to be the place of artistic works which include a sculpture, painting, drawing, architectural works, sculptures such as Biswarup, Nrishinga, Bishnu Bikrant, Uma Maheshwor, Padmapani, Shivalinga, Guatam Buddha are existent in Kathmandu. Kasthamandap is one major artifact which is magnificent example of Nepali architecture. Swayambhunath and Boudhanath shrines in Kathmandu are Nepal's first samples of the stupa or chaitya style architecture. Krishna temple of Patan is finest example of Sikhara style architecture. The presence of seven world cultural heritage sites in Kathmandu valley reflects the wealth of architecture. Scroll painting, wall paintings, wood carving are also popular in Nepal. Nepal is facing big impediments of economic progress including motion and protection of copyrightable subject matter at present.

**Legal regime on Copyright in Nepal:** In the beginning, legal provision of copyright, was seen in the Country Code of 1854 (1910 B.S) in Nos. 31 and 31(a) of Part 5. The first specific copyright legislation was Copyright Act of 1965 (2022 B.S.). First amendment in this Act took place only in the year 1997 (2054 B.S) which incorporated computer programs and research works as copyrightable subject matter. The Copyright Act 2002 (2059 B.S) repealed the previous Act and stipulates the provision of voluntary registration system for the copyright protection (Sec.5(1)). Economic and moral rights, transferability of economic rights through written contract have been provided. It stipulates fine and imprisonment punishment in case of copyright infringement (Sec.27). Besides the aforementioned provisions inclusion of computer programs, research works, conditions of copyright infringement, procedure of investigation by police, remedies against infringement, establishment of Nepal Copyright Registrar's Office, provision of royalty collection society, non-availability of copyright in any idea, religion, news, folk songs, folk story, proverb, procedures, system, method of operation, concept, principle, discovery of mere data, decision of court, administrative and legislative text etc. are some of important features of the Copyright Act 2002. Competition Promotion and Market Protection Act, 2007 makes the provision that Nepal Government shall make necessary arrangement if the intellectual property owner carries out any activities contrary to the fair competition or contrary to the interests of consumers (Section 32). Act Amending Some Laws Relating to Import Export and Intellectual Property, 2006(2063 B.S) states that Nepal Government by written notice may prohibit import or export or any goods to protect patent, trademark, industrial design, geographical indication, protection of undisclosed information (Sec.3 (j). The Copyright Act 2002 considers copyright infringement as state cases and such cases the claimant is required to file first information report at the police office.

Nepal adheres to the prosecution system and the State Cases Act recognizes the adversarial system. The task of investigation of crime is entrusted upon police and the prosecution is entrusted upon the public prosecutor in accordance with the State Cases Act 1992. A police officer of at least the rank of police inspector shall investigate and inquire into the cases under Copyright Act. Main government agencies responsible for copyright protection and promotion in Nepal are Nepal Copyright Registrar's Office (NCRO), Office of the Attorney General Office and District Attorney Offices, Courts, Nepal Police, Custom Offices and Post Offices. Non-governmental agencies related to copyright in Nepal are Copyright Protection Society of Nepal, Music Royalty Collection Society Nepal, Creators Society, Singer Society Nepal.

**Conclusion:** Theoretical justification put forward by Hegel, Kant, Bentham, John Locke, Justin Hughes, Fisher, Kamil Idris, Adam D. Moore are to be recognized, equally legal justification should be given first priority for the promotion and protection of copyright & related rights which can ensure economic progress and social welfare in Nepal too. Nepal became the member of WTO through accession process on April 23, 2004 and has to apply obligations spelt out in the membership agreement, such as services, tariff, custom, quarantine (sanitary and phyto-sanitary measures), technical barrier to trade, intellectual property rights. The introduction and enhancement of new media, information and telecommunications technology has challenged cultural industries and communities, consequently, copyrightable subject matter has been expanding day by day, on the other hand, challenges for protection of copyright are also multiplying. Due to digital technology most things can be easily and cheaply reproduced and makes them copyrightable subject matter susceptible to illegal copying and creates a greater need of international protection. Now-a-days Intellectual Property law has become is the interest of artists, writers, performers, designers, film producers, producers of phonograms, computer software developers, researchers, broadcasting organizations and so on. Intellectual property laws have been developed over the years to further the infrastructure of states to encourage innovative and transfer of technology.

*Dr. Bal Bahadur Mukhia*

# बौद्धिक सम्पत्ति नीतिको आवश्यकता



बिसुकुमार के. सी.

## बौद्धिक सम्पत्ति:

मानवीय बौद्धिक सिर्जनात्मक कार्यलाई बौद्धिक सम्पत्ति भनिन्छ । यस्ता बौद्धिक कार्यलाई व्यक्तिगत सम्पत्तिको रूपमा लिइने र कानूनतः सम्पत्ति अधिकार अन्तर्गत व्यवहार गरिने हुँदा यस्ता सम्पत्ति उपरको हक संरक्षणको अधिकारलाई बौद्धिक सम्पत्ति अधिकार भनिएको हो । बौद्धिक सम्पत्ति अधिकार अन्तर्गत विशेषतः वैज्ञानिक, प्राविधिक, व्यापारिक एवं साहित्यिक र कलात्मक कार्यहरू पर्दछन् । वैज्ञानिक र प्राविधिक क्षेत्रको उपयोगी र नवीन आविष्कारलाई पेटेन्ट अधिकार, व्यापारमा आफ्नो चिनारी दिने नाम तथा चिन्ह, क्षेत्र वा भौगोलिक पहिचान दिने विभिन्न चिन्ह सम्बन्धी अधिकार र वस्तुका नौला आकार दिने सिर्जनाहरू डिजाईन अधिकार अन्तर्गत संरक्षण गरिन्छन् । साहित्य, संगीत, कला, तिनको प्रस्तुती र प्रसारणको संरक्षण प्रतिलिपि अधिकार तथा तत्सम्बन्धी अधिकार अन्तर्गत पर्दछन् । वोट विरूवा र वनस्पती क्षेत्रका आविष्कारहरू, जैविक विविधता, जैविक अनुवांशिक स्रोत, परम्परागत ज्ञान सीप र कलाहरूको संरक्षण, उपयोग, स्वामित्व तथा लाभको बाँडफाँडमा बौद्धिक सम्पत्ति अधिकार जोडिन पुगेको छ । संक्षेपमा यिनै अधिकारहरूको सामुहिक नाम नै बौद्धिक सम्पत्ति अधिकार हो । बौद्धिक सम्पत्ति अधिकार व्यवस्थालाई समाजको आर्थिक, प्राविधिक र सांस्कृतिक विकासको एक औजारको रूपमा लिइन्छ ।

## बौद्धिक सम्पत्ति सम्बन्धी नीतिको आवश्यकता र औचित्य:

बौद्धिक सम्पत्ति सम्बन्धी व्यवस्थाको विकासलाई देशको समग्र आर्थिक, सामाजिक र प्राविधिक विकासले पनि निरूपण गर्दछ । हाम्रो ज्यादै सानो आर्थिक क्रियाकलाप, नगण्य प्राविधिक विकास र निम्नस्तरको मानवीय विकासलाई दृष्टिगत गरेर गरिवी निवारण, सामाजिक विकास र न्यूनतम भौतिक संरचनाको निर्माणतर्फ मात्र विकास योजनाहरूले जोड दिँदा यो क्षेत्र ओझेलमा परेको हुनु पर्दछ । तर मानिसका सिर्जनात्मक र कलात्मक बौद्धिक कार्यहरू देश विकासका महत्वपूर्ण साधन हुनु र यिनको संरक्षण एवं प्रोत्साहनका लागि गरिने आवश्यक कानूनी, प्रशासनिक र प्रबर्द्धनात्मक काम पनि देश विकासकै अभियान हो । झन् अहिलेको अर्थतन्त्र उदार र सीमा विहिन हुन पुगेको छ । सञ्चार प्रविधिको विकासले कुनै पनि मुलुक अन्तर्राष्ट्रिय परिस्थिति र प्रभावबाट अछुतो रहन सक्दैन । विश्व व्यापार संगठनको सदस्यता एवं अन्य क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कारणबाट नेपालले आफ्नो बौद्धिक सम्पत्ति सम्बन्धी कानूनी र प्रशासनिक व्यवस्था अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बनाउनै पर्ने वाध्यता छ । हाम्रो सीमित औद्योगिक र व्यापारिक क्षेत्र, नगण्य अनुसन्धान र विकासका क्रियाकलाप तथा निम्नस्तरको सामाजिक विकास आदिका कारणले अन्य मुलुक सरह फाइदा लिन नसके पनि बौद्धिक सम्पत्ति व्यवस्थाबाट देशको आर्थिक एवं प्राविधिक क्षेत्रमा जे जति मात्रामा हुन सक्छ योगदान पुऱ्याउन, देशको उद्योग, व्यापार, रोजगारी एवं राजस्वमा बृद्धि गर्न, एउटा राष्ट्रिय नीति र कार्यक्रम नै तयार पारेर एकीकृत र योजनाबद्ध रूपमा अघि बढ्नु बुद्धिमानी हुन्छ । त्यसैले बौद्धिक सम्पत्ति व्यवस्था बारे अब टुक्राटाक्री काम मात्र गर्नु भन्दा वा दाता, विदेशी संस्था वा कुनै दवाव समुहको दवाव टार्न मात्र काम गर्नु भन्दा एउटा एकीकृत र राष्ट्रिय नीति तयार पार्ने र सोही बमोजिम संरचना र कार्यक्रम तयार पारेर अघि बढ्नु उपयुक्त हुन्छ भन्ने आग्रह यस लेखमा गर्न खोजिएको छ ।

योजनाको पुस्तकमा बौद्धिक सम्पत्ति सम्बन्धमा मुस्किलले एक दुई वाक्य उल्लेख भएको छ तर कुनै कार्यक्रम भने छैन । औद्योगिक नीति, २०६७ मा औद्योगिक बौद्धिक सम्पत्ति अधिकारको संरक्षण गर्ने, बौद्धिक सम्पत्ति अधिकार संरक्षणको लागि प्रभावकारी निकाय स्थापना गर्ने र यसको प्रयोग गर्न उद्यमीलाई विशेष प्रोत्साहन दिने भनेको देखिन्छ । तर समग्र बौद्धिक सम्पत्तिका क्षेत्रलाई समेट्न र सम्बोधन गर्न सकेको देखिँदैन । अन्य बौद्धिक सम्पत्तिका उपयोगकर्ता, स्रष्टासर्जक, कलाकार, अनुसन्धानकर्ता, जैविक तथा आनुवंशिक स्रोतका धनी, परम्परागत ज्ञान र सीपका धनी तथा शैक्षिक तथा प्राज्ञिक संस्थाहरूलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने कुराहरू यसमा उल्लेख भएको छैन ।

अहिलेको आवश्यकता भनेको छुट्टै बौद्धिक सम्पत्ति अधिकार सम्बन्धी नीति हो । त्यसैले स्पष्ट दृष्टिकोण, उद्देश्य, रणनीति र मुख्य मुख्य कार्यक्रम सहितको बौद्धिक सम्पत्ति सम्बन्धी नीतिपत्र तयार पार्न जरूरी भइसकेको छ । यस्तो नीतिले बौद्धिक सम्पत्तिको प्रशासनिक, कानूनी र न्यायिक व्यवस्थाको खाका कोर्नुको साथै उद्यमी, व्यवसायी, कलाकार, सिर्जनाकार आदिको बौद्धिक सम्पत्तिको उपयोग क्षमता बढाउने, अन्वेषण, अनुसन्धान र सिर्जनात्मक कार्यप्रति अनुसन्धानमूलक संस्था, विश्वविद्यालयहरू, उद्योग प्रतिष्ठान, वैज्ञानिक समुदाय लगायत सम्पूर्ण समाजलाई प्रोत्साहन गर्ने विषयहरूलाई समेट्नु पर्दछ । बौद्धिक सम्पत्तिको प्रयोग र कारोवार बढाउने कुराका अलावा परम्परागत ज्ञान र सीप, जैविक आनुवंशिक स्रोत र सांस्कृतिक सम्पदाहरूको बौद्धिक सम्पत्तिको हिसाबले संरक्षण र सम्बर्द्धन गर्ने कुराहरू पनि नीति तथा कार्यक्रमले बोल्नु पर्दछ । बौद्धिक सम्पत्ति व्यवस्थालाई अन्तर्राष्ट्रिय मान्यता र स्तर अनुरूप बनाउने क्रममा राष्ट्रिय हित संरक्षण कसरी गर्ने भन्ने विषयमा पनि नीति निर्माताहरू सजग रहनुपर्ने देखिन्छ । अर्को महत्वपूर्ण कुरा भनेको बौद्धिक सम्पत्ति अधिकारको कार्यान्वयन हो । बौद्धिक सम्पत्ति अधिकारको उल्लंघनको नियन्त्रण र कानूनी कारवाहीको पद्दतिलाई प्रभावकारी बनाउन पनि नीतिगत स्पष्टता, समन्वय र थप अग्रसरताको आवश्यकता देखिन्छ । छुट्टै नीतिको साथसाथै अन्य क्षेत्रको नीति तथा कार्यक्रमहरूमा पनि बौद्धिक सम्पत्तिलाई प्रयोग गरेर फाईदा लिनेतर्फ तत् क्षेत्रको नीति तथा कार्यक्रम बनाउँदा ध्यान दिनुपर्दछ । जस्तो विज्ञान तथा प्रविधि क्षेत्रको नीति तथा कार्यक्रममा अनुसन्धान र अन्वेषण कार्यलाई प्रोत्साहन दिने, आविष्कारको मूल्यांकन, पेटेन्ट दर्ता, संरक्षण, हस्तान्तरण समावेश गर्न तथा बिक्री सम्बन्धमा सल्लाह र सहुलियत दिने कुराहरू पनि विशेष रूपमा समावेश गर्न सकिन्छ । उद्योग, व्यापार तथा लगानी सम्बन्धी नीतिमा पनि बौद्धिक सम्पत्तिको संरक्षण, प्रयोग र कारोवारलाई आर्थिक विकासकै एक औजारका रूपमा राखिनु उपयुक्त हुन्छ । शिक्षा तथा तालीम सम्बन्धी कार्यक्रममा बौद्धिक सम्पत्तिलाई समावेस गरेर छुट्टै विषयका रूपमा अध्ययन गराउने तथा तालीम कार्यक्रमहरू संचालन गर्ने र अन्य सम्बन्धित बिषयका अध्ययन तथा तालीम कार्यक्रमहरूका पाठ्यक्रमहरूमा पनि उपयुक्त बौद्धिक सम्पत्तिको विधालाई समावेश गरिनुपर्ने देखिन्छ । अनुसन्धान र विकास तथा बौद्धिक सम्पत्तिको कारोबारमा गरेको लगानी र तिनबाट आर्जन गरेको आम्दानीमा कर छुट लगायत अन्य सहुलियत दिने कर तथा राजस्व नीति एवं नेपाली ब्राण्डलाई अन्तर्राष्ट्रिय जगतमा स्थापित गराउन विशेष सहयोग पुऱ्याउने व्यापार नीति हुनु पर्दछ भन्ने विज्ञहरूको मत छ ।

## प्रशासनिक व्यवस्था:

बौद्धिक सम्पत्तिको महत्व, गरिमा, आवश्यकता र यसको व्यवस्थापकीय जटिलता समेतलाई मध्येनजर गरेर यसको प्रशासनिक निकाय स्थापना गरिनु पर्दछ । बौद्धिक सम्पत्तिका विभिन्न विधाहरूलाई समेटेर यो क्षेत्रको विकास तथा यसबाट राज्यले लिन सक्ने फाइदालाई अधिकतम पार्न एउटा केन्द्रीयस्तरको निकायको खाँचो पर्दछ । यस्तो निकाय अधिकार सम्पन्न आयोग, परिषद् वा प्राधिकरण आदि हुन सक्दछ र यसले समग्र बौद्धिक सम्पत्तिको नीति निर्माण, प्रशासन, विकास र कार्यान्वयन सम्बन्धमा निर्णय, निर्देशन, समन्वय र अनुगमन तथा मूल्याङ्कन गर्नु पर्दछ । बौद्धिक सम्पत्तिका विभिन्न विधाहरूको दर्ता र प्रशासनिक कार्य गर्न भने यिनको विशेषता, प्राविधिक र कानूनी स्वरूप, अन्तर्राष्ट्रिय प्रचलन तथा सरोकारवाला समुदाय तथा निकायहरूको विविधतालाई समेत विचार गरी छुट्टाछुट्टै विभागको रूपमा राखिनु पर्दछ ।

## अन्तमा :

आज धेरै हिसाबले बौद्धिक सम्पत्तिको कुरा चर्चामा छ र यस सम्बन्धी कामहरू गर्न पनि वाध्यात्मक अवस्था रहेको छ । बौद्धिक सम्पत्ति आर्थिक प्राविधिक र सांस्कृतिक विकासको उर्जा मात्र नभएर मानवीय विकासको एउटा साधन र माध्यम पनि हो । नेपालमा यसको विकासका लागि धेरै काम गर्न बाँकी छ र त्यसको सुरूवात एउटा राम्रो नीतिपत्र तयार गरेर गरौं ।

# WPPT एक चिनारी



विश्वबन्धु पौडेल

लेख

बौद्धिक सम्पत्तिका दुई वटा पाटा अन्तर्गत औद्योगिक सम्पत्ति र प्रतिलिपि अधिकार एवं तत्सम्बन्धी अधिकार पर्दछन् । प्रतिलिपि अधिकार अन्तर्गत विशेष गरी साहित्यिक र कलात्मक विधामा स्रष्टाले गर्ने सिर्जनाको संरक्षण गर्ने र सिर्जनामा उनीहरूको हक स्थापित गर्ने विधिको व्यवस्था भएको पाइन्छ । यसै सन्दर्भमा प्रस्तोता, ध्वनिअंकन उत्पादक र प्रसारण संस्थाहरू जसले सिर्जनालाई विभिन्न रूप र तरिकाबाट आमजनताबीच पुऱ्याउँछन्, तिनेको अधिकार संरक्षण गर्ने उद्देश्यले सन् १९६१ मा आएको रोम महासन्धिको पुरक सम्झौताको रूपमा WIPO Performances and Phonograms Treaty (WPPT) १९९६ आएको पाइन्छ ।

सन् १९८० को दशकपछि विज्ञान र प्रविधिको क्षेत्रले अभूतपूर्व सफलता हासिल गरेको परिप्रेक्ष्यमा रोम महासन्धिमा भएका प्रस्तोता, ध्वनिअंकन उत्पादक र प्रसारण संस्था सम्बन्धी व्यवस्थाले सम्पूर्ण रूपमा समेट्न नसक्ने अवस्थाको अनुभूतिपश्चात् ती एवं अन्य विषयवस्तुलाई समेट्ने गरी नयाँ अन्तर्राष्ट्रिय सन्धि सम्झौताको आवश्यकतालाई टड्कारो रूपमा महसुस गरी प्रस्तोता एवं ध्वनिअंकन उत्पादकको हित र अधिकारलाई प्रभावकारी रूपमा संरक्षण दिन विश्व बौद्धिक सम्पत्ति संगठनले सन् १९९६ मा WIPO Performances and Phonograms Treaty (WPPT) विश्व सामु प्रस्तुत गरेको पाइन्छ । नेपाल साहित्यिक तथा कलात्मक रचनाहरूको संरक्षण गर्ने बनेको बर्न महासन्धि (Berne Convention), १८८६ र व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति संरक्षण सम्बन्धी सम्झौता (TRIPs Agreement), १९९४ को पक्ष बनी तिनका एवं रोम महासन्धि समेतका प्रमुख प्रावधानहरूलाई प्रतिलिपि अधिकार ऐन, २०५९ मा समेटिएको सन्दर्भमा अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा उल्लेखित प्रावधानहरूलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन विकसित इन्टरनेट एवं डिजिटल प्रविधिको विकासलाई समेत तालमेल मिलाउँदै थप कार्यविधि र मार्गदर्शनहरू स्पष्ट गर्न प्रतिलिपि अधिकार एवं तत्सम्बन्धी अधिकारको क्षेत्रसँग सम्बन्धित भई कार्यान्वयनमा आएको WPPT को बारेमा चिनारी राख्नु समयसापेक्ष नै हुने देखिन्छ । प्रस्तावना सन्धिको ढोका हो । सन्धिको आवश्यकता, औचित्य र महत्वको बारेमा बुझ्न निम्न बुँदा प्रस्तुत योग्य छन्:

- प्रस्तोता र ध्वनिअंकन उत्पादकका अधिकारहरूको हदैसम्म, प्रभावकारी एवं समान तरिकाले संरक्षण, विकास र सम्बर्द्धन गर्ने
- आर्थिक, सामाजिक, सांस्कृतिक एवं प्राविधिक विकासले उब्जाएका जिज्ञासाको पर्याप्त तवरले समाधान गर्न नयाँ नयाँ अन्तर्राष्ट्रिय नियमहरू अगाडि ल्याउनु पर्ने आवश्यकतालाई स्वीकार गर्ने र
- प्रस्तोता र ध्वनिअंकन उत्पादक एवं वृहत जनस्वार्थ, जसमा विशेष गरी शिक्षा खोज र सूचनाको पहुँचबीचका अधिकारहरूलाई सन्तुलन गर्नु पर्ने आवश्यकता पहिचान गर्ने ।

प्रस्तोता, ध्वनिअंकन उत्पादक र प्रसारण संस्थाको हित र अधिकारलाई संरक्षण दिन आएको रोम महासन्धि, १९६१ का प्रावधानहरूभन्दा विशिष्ट खालका प्रावधान राखी आएको WPPT का मुख्य मुख्य व्यवस्थाहरू निम्न रूपमा प्रस्तुत गरिएको छ:

१. **संरक्षणका विषयवस्तु**:- सन्धिको धारा २ मा प्रस्तोता, ध्वनिअंकन, स्थिरीकरण, ध्वनिअंकन उत्पादक, प्रकाशन, प्रसारण र सार्वजनिक सञ्चारको परिभाषा गरिएको छ, जुन रोम महासन्धिमा भएका प्रावधानहरू भन्दा विशिष्ट खालका रहेको पाइन्छ ।

२. **लाभग्राही**:- यस सन्धि अन्तर्गतको सुरक्षित लाभ प्राप्त गर्ने Benefiaciries का रूपमा सन्धिको अर्को पक्ष राष्ट्रका प्रस्तोता र ध्वनिअंकन उत्पादकलाई जोड दिएको पाइन्छ ।

३. **आर्थिक अधिकार**:- प्रस्तोताको Fixation गरिएको प्रस्तुतिलाई प्रदान गरिएका अधिकारहरू मुख्यत: निम्न ४ वटा रहेको पाइन्छ:-

(क) पुनरूत्पादन

(ख) वितरण

(ग) भाडामा वा बहालमा दिने र

(घ) सर्वसाधारणका लागि उपलब्ध गराउने ।

४. **नैतिक अधिकार**:- प्रस्तोतालाई आफ्नो प्रस्तुति माथि देहाय अनुसार नैतिक अधिकार प्राप्त हुने व्यवस्था सन्धिमा गरिएको छ:-

(क) प्रस्तोताको रूपमा परिचित हुने अधिकार

(ख) ख्याति माथि धक्का पुग्ने गरी प्रस्तोताको प्रस्तुतिलाई विगार्ने, अर्थ बंग्याउने वा परिमार्जन गर्ने कार्य रोक्ने अधिकार ।

५. **प्रस्तोताको वितरणको अधिकार**:- सन्धिको धारा ८ मा भएको प्रस्तोताको वितरणको अधिकारलाई विशिष्ट व्यवस्थाको रूपमा लिन सकिन्छ । यस अधिकारबाट रचनाको सर्वसाधारण समक्ष सञ्चार गर्ने अवधारणाको नवीन प्रस्तुतिलाई सार्थक गर्ने कार्य भएको मान्न सकिन्छ ।

६. **ध्वनिअंकन वितरणको अधिकार**:- ध्वनिअंकन उत्पादकले आफ्नो ध्वनिअंकनको मूल वा पुन: उत्पादित प्रति वितरण गर्ने वा सर्वसाधारण समक्ष उपलब्ध गराउने अधिकारलाई विशिष्ट प्रावधानको रूपमा समावेश गरेको पाइन्छ ।

७. **लाभको अधिकार सम्बन्धी व्यवस्था**:- सन्धिमा प्रस्तोताको प्रस्तुति समाविष्ट गरिएको र आर्थिक उद्देश्य सहित प्रकाशन गरिएको ध्वनिअंकनको प्रसारण गर्न वा सर्वसाधारणलाई सञ्चार गर्नका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा उपयोग गरिएको अवस्थामा प्रस्तोता र ध्वनिअंकन उत्पादकले संयुक्त रूपमा एकल समन्यायिक लाभ प्राप्त गर्ने अधिकार संरक्षण गरेको पाइन्छ ।

८. **संरक्षणको अवधि**:- यस सन्धि अन्तर्गत संरक्षणको अवधि प्रस्तोताको हकमा निजको प्रस्तुति ध्वनिअंकनमा प्रस्तुतीकरण गरेको वर्षबाट ५० वर्ष रहेने र ध्वनिअंकन उत्पादकलाई उत्पादन तथा प्रकाशन भएको वर्षबाट ५० वर्ष अधिकार रहने व्यवस्था गरेको छ ।

९. **Technological Measures and Rights Management Information:-** प्रस्तोता र ध्वनिअंकनको उत्पादकको रचनालाई विकसित प्रविधिद्वारा उपयोग गरेको अवस्थामा प्रभावकारी संरक्षणको प्रत्याभूति गरेको पाइन्छ ।

१०. **डिजिटल एजेन्डा**:- यस सन्धिको प्रादुर्भाव हुनुपूर्व अस्तित्वमा आएका प्रस्तोता र ध्वनिअंकन उत्पादकको अधिकार संरक्षणका लागि भएका अन्तर्राष्ट्रिय दस्तावेजहरू विशेष गरी रोम महासन्धिले सम्बोधन गर्न नसकेको डिजिटल प्रविधिसँग सम्बद्ध प्रतिलिपि अधिकारजन्य विषयवस्तुलाई यस सन्धिले सम्बोधन गरेको पाइन्छ ।

११. **औपचारिकता**:- विना कुनै औपचारिकतामा नै प्रस्तोता र ध्वनिअंकन उत्पादकले आफ्नो रचनामा निहित अधिकार उपयोग गर्न पाउने सन्धिको धारा २० को अधिकार आफैमा विशिष्ट खालको प्रावधान हो ।

१२. **विविध**:- सन्धिको विविध व्यवस्था अन्तर्गत निम्न लिखित व्यवस्था भएको पाइन्छ:-

(क) Reservation:- अपवादको रूपमा समन्यायिक लाभ व्यवस्थापन सम्बन्धी सन्धिको धारा १५(३) को व्यवस्थाको सम्बन्धमा बाहेक सन्धिको कुनै पनि प्रावधानमा Reservation राख्न नपाउने व्यवस्थालाई यस सन्धिको अर्को महत्वपूर्ण व्यवस्थाको रूपमा लिन सकिन्छ ।

(ख) सदस्यता:- यस सन्धिले सदस्यता प्राप्त गर्न सक्ने पक्षहरूका सम्बन्धमा व्यवस्था गरेका निम्न ३ वर्ग रहेको पाउन सकिन्छ:-

- WIPO का सदस्य राष्ट्रहरू
- बहुराष्ट्रिय संगठनहरू र
- युरोपियन कम्युनिटी ।

बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार संरक्षण गर्न धेरै अन्तर्राष्ट्रिय सन्धि सम्झौता र नियमहरू बनेका छन् । ती मध्ये प्रस्तोता र ध्वनिअंकन उत्पादकको हित र अधिकारलाई संरक्षण दिन WPPT विश्व सामु प्रस्तुत भएको छ । नेपाल WIPO को सदस्य बनेको, TRIPs Agreement र Berne Convention को पक्ष भएको, WTO मा प्रवेश गर्दा रोम एवं अन्य केही अन्तर्राष्ट्रिय महासन्धिमा राष्ट्रिय आवश्यकता अनुरूप प्रवेश गर्ने प्रतिवद्धता जनाइसकेको सन्दर्भमा प्रस्तोता र ध्वनिअंकन उत्पादकको अधिकार संरक्षण गर्न बनेको रोम महासन्धिमा प्रवेश गरे पश्चात प्रस्तुत WPPT मा प्रवेश गर्नु राष्ट्रिय हित अनुकूल हुने देखिन्छ ।

## संगीत उद्योग संघको सहकार्यमा अन्तरक्रिया कार्यक्रम

मिति २०६८ असार १६ गते नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय तथा संगीत उद्योग संघ, अनामनगर, काठमाडौंको संयुक्त आयोजनामा "प्रतिलिपि अधिकार कानून र सुधारका क्षेत्रहरू" विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । संगीत उद्योग संघका अध्यक्ष पद्म बहादुर बुढाको अध्यक्षतामा सञ्चालन भएको उक्त कार्यक्रममा गीत संगीत एवं सो क्षेत्रमा संलग्न व्यवसायी समेत करीव ४० जनाको उपस्थिति रहेको थियो । सो कार्यक्रममा बौद्धिक




सम्पत्ति तथा प्रतिलिपि अधिकार सम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार बिसु कुमार के.सी.ले संगीत उद्यमीहरूलाई प्रतिलिपि अधिकार ऐनको सुधारका लागि सुझाव दिन आग्रह गर्नु भयो । यसैगरी सोही कार्यालयका शाखा अधिकृत नारायणप्रसाद अर्यालले प्रतिलिपि अधिकार ऐनमा सुधारका पक्षहरू सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । अन्तरक्रियामा नेपाल संगीत उद्योग संघका पूर्व अध्यक्ष भगवानकुमार श्रेष्ठले सिर्जनशीलताको विकास राष्ट्रको सम्वृद्धिको परिचायक हो भन्नु हुँदै नेपालमा प्रतिलिपि अधिकार बारे केही चेतना बढे पनि गर्नु पर्ने काम धेरै बाँकी भएको कुरा औल्याउनु भयो ।

*क्रमशः पेज १ बाट*

नियन्त्रकको कार्यालयका नियन्त्रक राजनराज पन्त, सर्वोच्च अदालतका रजिष्ट्रार डा. रामकृष्ण तिमल्सेना, प्रतिलिपि अधिकार संरक्षण समाजका महासचिव सन्तोष शर्मा र सर्वोच्च अदालतका न्यायाधीश कल्याण श्रेष्ठले प्रतिलिपि अधिकारसँग सम्बन्धित विभिन्न पक्षमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

दुई दिनको तालीम/कार्यशाला समापन समारोहमा मन्त्रालयका सचिव मोदराज डोटेलले सम्पूर्ण सहभागी न्यायाधीश तथा रजिष्ट्रारहरूलाई कार्यक्रममा सक्रिय सहभागिता, ऐनको व्यावहारिक कार्यान्वयनमा देखिएका समस्याको उजागर एवं ऐनमा सुधारका पक्षका सम्बन्धमा सुझाव प्रस्तुतिका लागि धन्यवाद ज्ञापन गर्नु भयो । कार्यक्रमको समापन सत्रलाई सम्बोधन गर्दै सर्वोच्च अदालतका न्यायाधीश कल्याण श्रेष्ठले सबै सहभागीलाई आफू समक्ष आउने प्रतिलिपि अधिकार सम्बन्धी मुद्दाको छिनोफानो यसको सिद्धान्तमा टेकेर गर्न निर्देश गर्नु भयो । प्रतिलिपि अधिकारको सिद्धान्त, मान्यता र महत्व नबुझि गरिने फैसलाले स्रष्टा हित र अधिकार संरक्षणमा योगदान पुर्‍याउन नसक्ने हुँदा यसतर्फ सचेत हुन उहाँले सबैलाई आग्रह गर्नु भयो । कार्यालयका का.मु. रजिष्ट्रार नारायणप्रसाद अर्यालले समेत समापनको सन्दर्भमा सबैलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो । उक्त कार्यक्रमको सञ्चालन कार्यालयकै नायव सुब्बा बमबहादुर के.सी.ले गर्नु भएको थियो ।

## जनचेतनामूलक सामग्री प्रसारण

प्रतिलिपि अधिकारका विविध पक्षमा जनचेतना जगाउने मुख्य अभिप्रायले प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयद्वारा निर्मित श्रव्य तथा श्रव्यदृश्य सामग्री विभिन्न विद्युतीय सञ्चार माध्यमबाट प्रसारण सम्पन्न गरिएको छ । कार्यालयकै पहलमा गत वर्ष निर्मित उल्लेखित सामग्रीहरूको विभिन्न टेलिभिजन तथा एफ.एम. रेडियोहरूबाट गरिँदै आएको प्रसारणको सकारात्मक प्रभावलाई मध्येनजर राखी कार्यालयले विद्युतीय माध्यमबाट प्रसारण गर्ने क्रमलाई निरन्तरता दिने सोच बनाएको छ । यस्तो प्रसारणको पहुँच स्वदेश एवं विदेशमा रहेका ठूलो संख्याका नेपाली समक्ष पुग्ने भएको हुँदा प्रतिलिपि अधिकार संरक्षणसँग सम्बन्धित कार्यमा क्रियाशील अन्य सरकारी, निजी तथा गैर सरकारी निकायहरूको समन्वय र सहकार्यमा यस्तो प्रसारणलाई व्यापकता दिन पहल गरिने भएको छ ।

## विभिन्न समाजलाई अनुदान प्रदान

संस्थागत क्षमता अभिवृद्धिको लागि नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले सोही कार्यालयसँग सम्बन्धित क्षेत्रका सिर्जनाको व्यापारिक तथा सार्वजनिक उपयोग वापतको रोयल्टी उठाई वितरण गर्ने अभिप्रायले विद्यमान प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ३९ बमोजिम दर्ता भई क्रियाशील रहेका संगीत रोयल्टी संकलन समाज नेपाल र नेपाल गायन समाजलाई अनुदान प्रदान गरेको छ । साथै प्रतिलिपि अधिकार संरक्षणको क्षेत्रमा विगत लामो समयदेखि क्रियाशील प्रतिलिपि अधिकार संरक्षण समाजलाई समेत कार्यक्रम एवं कार्यप्रगतिको आधारमा अनुदान प्रदान गरिएको छ । कार्यालयले विगत केही वर्षहरूदेखि उल्लेखित संस्थाहरूको क्षमता विकास तथा सुदृढीकरणका लागि निरन्तर सहयोग उपलब्ध गराउँदै आएको छ ।

## शोधपत्र प्राप्त

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले सम्झौता गरी शोधपत्र लेखनको जिम्मेवारी सुम्पेका काठमाडौं स्कूल अफ ल, दधिकोटका एल.एल.एम. दोश्रो वर्षका विद्यार्थी/शोधार्थी माधवप्रसाद पौडेलले सम्झौतामा तोकिएको विषयमा शोधपत्र तयार गरी कार्यालयमा पेश गर्नु भएको छ । प्रतिलिपि अधिकार तथा समग्र बौद्धिक सम्पत्तिको संरक्षणमा सहयोग पुग्ने अध्ययन अनुसन्धानमा सघाउने नीति बमोजिम कार्यालयले यस वर्ष निज पौडेललाई केही आर्थिक सहयोग उपलब्ध गराएको हो । उल्लेखित अध्ययन अनुसन्धानलाई विगत आधा दशकदेखि कार्यालयले निरन्तर प्रोत्साहन गर्दै आएको छ ।

## अधिकार उल्लंघनकर्ता विरुद्ध कारवाही

नेपाल प्रहरीले स्रष्टा सर्जक, संगीत उद्यमी, चलचित्र निर्माता र अन्य सरोकारवालाहरूको जाहेरीमा काठमाडौं एवं मोफसलका विभिन्न स्थानमा मुख्यगरी गीत संगीत र चलचित्रको नक्कली उत्पादन, पुनः उत्पादन तथा बिक्री वितरण गरी प्रतिलिपि अधिकार ऐन, २०५९ बर्खिलाप ठहर्ने गतिविधि गर्नेहरूलाई पक्राउ गरी आवश्यक छानविनपश्चात् केहीलाई अदालतमा मुद्दा दायर गरेको छ भने निर्दोष देखिएकालाई छाडेको छ । गीत संगीत र चलचित्रजन्य रचनाहरूको पाइरेसीको क्रम बढेसँगै प्रहरीले पनि त्यस्तो गैरकानूनी कार्यमा संलग्न हुनेहरू विरुद्ध खरो रूपमा उत्रन थालेको छ । यसबाट त्यस्ता अधिकार उल्लंघनकर्ताहरू छट्पटाउन थालेका छन् ।

## बार एशोसिएशनको सहकार्यमा अन्तरक्रिया कार्यक्रम

मिति २०६८ असार १० का दिन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय तथा पुनरावेदन बार एशोसिएशन, बौद्धिक सम्पत्ति संरक्षण समिति, पाटन, ललितपुरको संयुक्त आयोजनामा "प्रतिलिपि अधिकार कानून र सुधारका क्षेत्रहरू" विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । पुनरावेदन बार एशोसिएशन पाटनका अध्यक्ष भोजराज घिमिरेको अध्यक्षतामा भएको कार्यक्रमको उद्देश्यमाथि सोहि कार्यालयका रजिष्ट्रार बिसु कुमार के.सी.ले प्रकाश पार्नु भएको थियो । उहाँले विद्वान अधिवक्ताहरूलाई प्रतिलिपि अधिकार ऐनको सुधारका लागि महत्वपूर्ण र उपयोगी सुझावहरू प्रदान गर्न आग्रह गर्नु भयो । सो कार्यक्रममा पुनरावेदन बार एशोसिएशन बौद्धिक सम्पत्ति संरक्षण समितिका अध्यक्ष अधिवक्ता अञ्जु उप्रेती तथा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका शाखा अधिकृत नारायणप्रसाद अर्यालले प्रतिलिपि अधिकार, यस सम्बन्धी ऐन नियम र सुधारका क्षेत्रहरू विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । पेश भएका कार्यपत्रहरू उपर अधिवक्ताहरू परशुराम कोइराला, नवीन कुमार बर्मा र राजकुमार सुवालले टिप्पणी गर्नु भएको थियो ।

## पश्चिमाञ्चलको साहित्यिक अवस्थाको अध्ययन सम्पन्न

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले आवश्यक सम्झौताद्वारा पश्चिमाञ्चल विकास क्षेत्रमा क्रियाशील साहित्यकारहरूको सम्बन्धमा तथा सो क्षेत्रमा प्रकाशित, उत्पादित एवं बिक्री वितरण भएका साहित्यिक रचनाहरूको सम्बन्धमा अध्ययन गरी विस्तृत प्रतिवेदन तयार गरी पेश गर्न जिम्मेवारी दिएको सिर्जनशील अध्ययन केन्द्र नामक संस्थाले आफ्नो कार्य सम्पन्न गरी अध्ययन प्रतिवेदन पेश गरेको छ । उक्त प्रतिवेदनमा पश्चिमाञ्चल विकास क्षेत्रका १६ वटै जिल्लाको उल्लेखित विवरण समावेश गरिएको छ । कार्यालयले गत वर्ष सुदूर पश्चिमाञ्चलबाट आरम्भ गरेको साहित्यिक प्रोफाइल तयारीको कार्यलाई क्रमशः पाँचवटै विकास क्षेत्रसम्म पुर्‍याउने लक्ष्य लिएको छ । यस अध्ययनबाट साहित्यिक क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रम निर्माण एवं कार्यान्वयनमा सहयोग पुग्ने अपेक्षा कार्यालयको छ ।

## वेभसाइट अद्यावधिक

विगत केही वर्षअघि नै आफ्नो डायनामिक वेभसाइट निर्माण गरी प्रचलनमा ल्याएको नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले पछिल्ला आफ्ना गतिविधि, अध्ययन प्रतिवेदन, बुलेटिन एवं सूचनाहरू समावेश गरी वेभसाइट अद्यावधिक गरेको छ । पछिल्लो समयमा फैलिएको वेभसाइट प्रयोगकर्ताहरूको संख्यालाई समेत मध्येनजर राखी उक्त वेभसाइटमा प्रतिलिपि अधिकारसम्बन्धी प्रमुख कार्यक्रम, उल्लेख्य गतिविधि, फोटो लगायतका नवीन सामग्री राखी अद्यावधिक गरिएको हो । वेभसाइटको माध्यमबाट प्रतिलिपि अधिकार संरक्षण तथा दुरूपयोग नियन्त्रणमा समेत सहयोग पुर्‍याउने लक्ष्य कार्यालयले लिएको छ ।

## स्रष्टा/सर्जक, प्रकाशक तथा संगीत उद्यमीहरूसँग अन्तरक्रिया

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको आयोजनामा यही २०६८ असार ३१ का दिन "प्रतिलिपि अधिकार कानून र सुधारका क्षेत्रहरू" विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार बिसु कुमार के.सी.को अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा साहित्यिक क्षेत्रका स्रष्टा/सर्जक, प्रकाशन संस्थाका प्रतिनिधि एवं श्रव्यदृश्य व्यवसायीहरू समेत गरी २५ जनाको सहभागिता रहेको थियो । सो कार्यक्रममा रजिष्ट्रार के.सी.ले सहभागीहरूलाई स्वागत गर्दै प्रतिलिपि अधिकार र बौद्धिक सम्पत्ति बारेमा चर्चा गर्नु भएको थियो भने कार्यालयका शाखा अधिकृत नारायणप्रसाद अर्यालले प्रतिलिपि अधिकार सम्बन्धी विद्यमान ऐनको व्यवस्था र अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रममा नेपाल स्रष्टा समाजका महासचिव पवन आलोकले उजुरी लिएर प्रहरी कहाँ जानुपर्ने अवस्था भन्दा प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयलाई अनुसन्धानको काम दिँदा राम्रो हुने विचार राख्नु भयो । त्यसैगरी श्रव्यदृश्य व्यवसायी संघका अध्यक्ष शमसेर श्रेष्ठ लगायतका पदाधिकारीले रचना दर्ताको व्यवस्था अनिवार्य गर्नुपर्ने, सीडी, डीभीडी, भीएचएसको पाइरेसी नियन्त्रणमा ठोस पहल हुनु पर्ने भन्दै ऐन परिमार्जनको लागि विगतमा दिएका सुझाव समेत समावेश गर्न अनुरोध गर्नुभयो । प्रकाशन संस्थाका प्रतिनिधि बसन्त थापाले देवानी अपराध सम्बन्धी मुद्दाको व्यवस्था गर्दा स्रष्टालाई वकिलको आवश्यकता पर्ने हुँदा अहिल्यै हतारिएर कानूनमा सो सम्बन्धी व्यवस्था राख्न उपयुक्त नहुने जानकारी गराउनु भयो ।

## प्रचारमूलक सामग्री वितरण

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले प्रतिलिपि अधिकार सम्बन्धमा जनचेतना जगाउने उद्देश्यले प्रकाशन गरेका ब्रोसर, पर्चा, बुलेटिन, स्टीकर तथा क्यालेण्डर लगायतका प्रचारमूलक सामग्रीको वितरण कार्यलाई निरन्तरता दिएको छ । प्रतिलिपि अधिकार कानून कार्यान्वयन गर्ने निकाय, स्रष्टा सर्जक, रोयल्टी संकलन संस्था एवं अन्य सरोकारवालाहरूलाई यस्ता सामग्री वितरण गरिएको छ । प्रचारमूलक सामग्रीको वितरणबाट यस सम्बन्धी जनचेतना अभिबृद्धिमा थप सहयोग पुग्ने विश्वास कार्यालयले लिएको छ ।

## विश्व संगीत दिवस मनाइयो

गत वर्षहरूमा झैं यस वर्ष पनि जून २१ का दिन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले नासो म्युजिक प्रा.लि. र नेपाल संगीत उद्योग संघसँगको समन्वयमा विश्व संगीत दिवस मनाएको छ । ठूलो संख्याका संगीतकर्मी, संगीत उद्यमी एवं अन्य सरोकारवालाहरूको उपस्थितिमा उक्त दिवस मनाइएको हो । दिवस मनाउने कार्यक्रमलाई अन्तरक्रियात्मक ढाँचामा अगाडि बढाई गीतकार, संगीतकार, गायकगायिका एवं संगीत व्यवसायीलाई परेका मर्काका सम्बन्धमा छलफल गरियो । नेपाल संगीत उद्योग संघ, नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय लगायत विभिन्न संस्था तथा निकायका अध्यक्ष तथा प्रतिनिधिहरूले आ-आफ्ना धारणा राखेको सो कार्यक्रममा अन्य संगीतकर्मी तथा व्यवसायीले आफूले भोग्दै आएका समस्या र तिनको समाधानका लागि राज्यको तर्फबाट निर्वाह गर्नु पर्ने भूमिकाका सम्बन्धमा धारणा राखेका थिए ।

## फैसलाको अध्ययन प्रतिवेदन तयार

गत वर्षहरूदेखि प्रतिलिपि अधिकार सम्बन्धमा देशका उपत्यका एवं मोफसलका विभिन्न अदालतमा परेका मुद्दा र फैसलाको सम्बन्धमा विवरण संकलन गरी प्रतिवेदन तयार गर्ने कार्यलाई नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले यस वर्ष पनि निरन्तरता दियो । अघिल्लो चौमासिक अवधिमा उपत्यकास्थित अदालतमा परेका र फैसला भएका मुद्दाहरूको अद्यावधिक विवरण संकलन गरिएको थियो । साथै सो समयमा विराटनगरस्थित अदालतहरूबाट भएका फैसलाहरूको सम्बन्धमा समेत विवरण संकलन गरिएको थियो । हालै मध्यपश्चिमाञ्चलको नेपालगंजस्थित जिल्ला तथा पुनरावेदन अदालतहरूमा दायर भई फैसला भएका यस सम्बन्धी मुद्दाहरूको सम्बन्धमा अध्ययन गरी विवरण सहितको प्रतिवेदन तयार गर्ने कार्य सम्पन्न गरिएको छ । कार्यालयले क्रमिक रूपमा देशका विभिन्न भागमा प्रतिलिपि अधिकारका सम्बन्धमा दायर भई फैसला भएका मुद्दाहरूको लगत संकलन गर्ने एवं अद्यावधिक समेत सँगसँगै गर्दै जाने सोच बनाएको छ ।

## बजार अनुगमन

प्रतिलिपि अधिकारजन्य सिर्जनाको उत्पादन, बिक्री वितरण, पैठारी र उपयोगको अवस्था पहिल्याउने एवं अधिकार उल्लंघन भए नभएको सम्बन्धमा सूचना तथा विवरण संकलन गर्ने अभिप्रायले नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले नियमित रूपमा देशका प्रमुख शहरी क्षेत्रको बजार अनुगमन गरेको छ । कार्यालयमा कार्यरत कर्मचारीहरूलाई खटाई बजारको अवस्था तथा दुरूपयोगको विद्यमानता रोक्न पहल गर्नुपर्ने विषयको पहिचान गर्ने र स्रष्टालाई अधिकतम लाभ पुऱ्याउने उपाय पहिल्याउने कार्यलाई कार्यालयले निरन्तरता दिएको छ ।

## WPPT सम्बन्धमा अध्ययन

WIPO Performances and Phonograms Treaty मा प्रवेश गर्दा हुने संभावित लाभहानी पहिल्याउने उद्देश्यले नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रारको संयोजकत्वमा गठित सात सदस्यीय समितिले आवश्यक अध्ययन गरी आफ्नो प्रतिवेदन बुझाएको छ । उक्त समितिमा कानून तथा न्याय मन्त्रालय, सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय, नेपाल गायन समाज र नेपाल संगीत उद्योग संघ लगायतको प्रतिनिधित्व रहेको थियो । समितिले नेपाल सन् १९६१ को Rome Convention for the Protection of Performers, Producers of Phonogramns and Broadcasting Organizations को पक्ष समेत भइनसकेको, नेपालको छिमेकी भारत लगायत सार्कका कुनै पनि राष्ट्र त्यसको पक्ष नभएको र कानूनी, संस्थागत एवं जनशक्तिको दृष्टिकोणले नेपालको वर्तमान तयारी अपर्याप्त रहेको सन्दर्भलाई समेत मध्येनजर राख्दा अहिल्यै उक्त सन्धिको पक्ष हुन हतारिनु नपर्ने निष्कर्ष सहितको प्रतिवेदन पेश गरेको छ ।

## नेपाल गायन समाजको सहकार्यमा अन्तरक्रिया कार्यक्रम




मिति २०६८ असार १९ गतेका दिन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय र नेपाल गायन समाजको सहकार्यमा "प्रतिलिपि अधिकार कानून र सुधारका क्षेत्रहरू" विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । नेपाल गायन समाजका अध्यक्ष रामकृष्ण ढकालको अध्यक्षतामा सम्पन्न भएको उक्त अन्तरक्रियामा सय जना भन्दा बढी व्यक्तिहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार बिसु कुमार के.सी. र शाखा अधिकृत नारायणप्रसाद अर्यालले बौद्धिक सम्पत्ति, प्रतिलिपि अधिकार तथा प्रतिलिपि अधिकार ऐन, २०५९ मा सुधारको आवश्यकता सम्बन्धी छुट्टाछुट्टै कार्यपत्र पेश गर्नु भएको थियो । यसै गरी नेपाल गायन समाजका कोषाध्यक्ष एवं गायिका रमा गुरूङले नेपाल गायन समाज र यसको रोयल्टी संकलन सम्बन्धी जिम्मेवारी सम्बन्धमा कार्यपत्र पेश गर्नु भएको थियो ।

कार्यक्रममा नेपाल संगति तथा नाट्य प्रज्ञा प्रतिष्ठानका सदस्य प्राज्ञ शान्तिराम राई, नेपाल गायन समाजका महासचिव लोचन भट्टराई तथा गायक तुलसी पराजुलीले मन्तव्य तथा सुझाव राख्नु भएको थियो । साथै नेपाल प्रहरीका वरिष्ठ प्रहरी उपरीक्षक हेमन्त मल्लले प्रतिलिपि अधिकार उल्लंघन गर्नेलाई कारवाही गर्न प्रहरी प्रशासन दृढ रहेको र यस सम्बन्धी अपराधको अनुसन्धान र तहकिकात गर्ने इकाई पनि रहेको हुँदा आवश्यक छलफल र परस्पर सहयोगको लागि आमन्त्रण गर्नु भयो । नेपाल गायन समाजका अध्यक्ष रामकृष्ण ढकालले प्रतिलिपि अधिकारको संरक्षण तथा रोयल्टी संकलनको कार्य प्रभावकारी बनाउन नेपाल गायन समाजको क्षमता र सुविधा विस्तार गर्न आवश्यक रहेको हुँदा आफूले नेपाल सरकारसँग सहयोगको लागि अनुरोध गरी रहेको जानकारी दिनु हुँदै कार्यक्रम समापन गर्नु भएको थियो ।

## नयाँ रजिष्ट्रार नियुक्त



नेपाल सरकार, संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयको निर्णयानुसार नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको रजिष्ट्रारमा विसु कुमार के. सी. नियुक्त हुनु भएको छ । निजामती सेवामा करिव अढाई दशक अवधि व्यतित गर्नु भएका के.सी. यसअघि वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत कार्यरत हुनु हुन्थ्यो । उहाँले विगतमा लामो समय औद्योगिक सम्पत्तिको नियमन गर्ने निकाय अर्थात उद्योग विभागमा रही बौद्धिक सम्पत्ति सम्बन्धी कार्यानुभव समेत संगाल्नु भएको छ ।

**Registration of Creations up to July 16, 2011**




**Total: 816**

## प्रतिलिपि अधिकार ऐन संशोधन तथा परिमार्जन समिति गठन

नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०६८।७।१४ को निर्णयानुसार सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा प्रतिलिपि अधिकार ऐन, २०५९ मा समसामयिक सुधार गर्न उच्चस्तरीय ऐन परिमार्जन समिति गठन गरिएको छ । सो समितिमा निम्नानुसार सदस्यहरू रहेका छन्:

१. सचिव, सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय, संयोजक
२. सहसचिव, कानून तथा न्याय मन्त्रालय, सदस्य
३. सहसचिव, सूचना तथा सञ्चार मन्त्रालय, सदस्य
४. अध्यक्ष, संगीत रोयल्टी संकलन समाज नेपाल, सदस्य
५. अध्यक्ष, नेपाल गायन समाज, सदस्य
६. विज्ञ, चलचित्र क्षेत्र, सदस्य
७. विज्ञ, कम्प्युटर सफ्टवेयर क्षेत्र, सदस्य
८. विज्ञ-२ जना, बौद्धिक सम्पत्ति कानून, सदस्य
९. अध्यक्ष, प्रतिलिपि अधिकार संरक्षण समाज, सदस्य
१०. रजिष्ट्रार, नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, सदस्य-सचिव

समितिको मिति २०६८।२।१८ को बैठकले प्रतिलिपि अधिकार कानून विज्ञ एवं सूचना प्रविधि विज्ञ समेत रहेको चार सदस्यीय उपसमिति गठन गरी सरोकारवालाहरूसँग अन्तरक्रिया गरेर ऐन संशोधन मस्यौदा तयार पार्ने जिम्मेवारी प्रदान गरेको छ ।

## सम्पादकीय

### ऐन कार्यान्वयनमा प्रभावकारीताको प्रयास

प्रतिलिपि अधिकार ऐन, २०५९ ले रचनाका धनीहरूलाई आर्थिक तथा नैतिक अधिकार प्राप्त हुने व्यवस्था गरेको छ । कुनै पनि साहित्यिक, सांगीतिक तथा कलात्मक रचना, कलाकृति, चलचित्र, कम्प्युटर सफ्टवेयर आदिको उत्पादन, पुनःउत्पादन, प्रकाशन, प्रसारण, बिक्री वितरण तथा डाउनलोड रचयिता वा प्रतिलिपि अधिकार धनीको स्वीकृति विना गरेमा उल्लेखित काम गैरकानूनी ठहर्ने र जरिवाना एवं कैद सजायसम्म हुने व्यवस्था छ । तर जनसाधारणमा ज्ञान र चेतनाको कमी, रचयिता वा प्रतिलिपि अधिकार धनीहरू पनि सचेत नहुनु, कानून कार्यान्वयन गर्ने निकायहरूमा प्रतिलिपि अधिकार सम्बन्धी ज्ञान र सीपको कमी हुनु तथा अन्य कार्यबोझ बढी हुनु, अनुगमन र सूचना संकलन कम हुनु, साधन स्रोतको कमी हुनु लगायतका कारणले कारवाहीको पक्ष कमजोर देखिन्छ ।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय स्थापना भए पछि यसले प्रचारप्रसारमार्फत चेतना बृद्धि गर्ने तथा सम्बन्धित पक्षहरूलाई तालीम प्रदान गर्ने लगायतकाअन्य समन्वयात्मक र सहयोगात्मक कार्य गरी आएको छ । सबै जिल्ला र क्षेत्रमा पहुँच नहुनु, अन्य निकायहरूसँग समन्वयको कमी हुनु तथा अधिकार क्षेत्रको सीमितता रहनु लगायतका कारणले गर्दा यस कार्यालयले पनि प्रतिलिपि अधिकार उल्लंघन नियन्त्रण गर्ने कार्यलाई प्रभावकारी वनाउन सकेको अनुभव हुँदैन । तर मुलुकमा सिर्जनात्मक कार्यहरूलाई प्रोत्साहित गर्न र सांस्कृतिक उद्यम व्यवसायलाई सवल बनाउन प्रतिलिपि अधिकार ऐनको कार्यान्वयन प्रभावकारी बनाई पाइरेसी नियन्त्रण गर्नु जरूरी देखिन्छ । यसका लागि केन्द्रीय स्तरमा समन्वय तथा मार्ग निर्देशन गर्ने निकाय र जिल्लास्तरमा कम्तिमा एक जना नोडल अधिकृतको अभाव खट्किएको छ । यसका साथै अनुगमन तथा निरीक्षण व्यवस्थालाई नियमित बनाउन पनि आवश्यक छ । प्रतिलिपि अधिकारको व्यवस्थापन र उपयोग जटिल कानूनी र प्राविधिक कुरा भएकाले यसका प्रयोगकर्ताहरूलाई सजग र सचेत वनाउन प्रतिलिपि अधिकार सम्बन्धी आचारसंहिता बनाई लागू गर्नु पनि उपयुक्त उपाय हुन सक्दछ ।

यसैले केन्द्रीयस्तरमा सम्बद्ध मन्त्रालय तथा अन्य सम्बन्धित संघसंस्थाहरूको प्रतिनिधित्व भएको प्रतिलिपि अधिकार कानून कार्यान्वयन परामर्श समितिको गठन गर्ने प्रस्ताव गरिएको छ । प्रतिलिपि अधिकार कानून कार्यान्वयन गर्ने निकायहरू बीच समन्वय गर्ने र प्रतिलिपि अधिकार सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गर्न निर्देश गर्ने जस्ता महत्वपूर्ण जिम्मेवारी यसलाई प्रदान गर्नु उचित हुनेछ ।

प्रतिलिपि अधिकार उल्लंघन (Piracy) सम्बन्धी मुद्दाहरूको अनुसन्धान र तहकिकात गर्ने जिम्मेवारी ऐनले प्रहरी निरीक्षकसम्मको प्रहरी कर्मचारीलाई दिएको छ । यसैले जिल्लामा एकजना प्रहरी निरीक्षकलाई स्पष्ट जिम्मेवारी तोकी आवश्यक ज्ञान, सीप र सूचना समेत प्रदान गरेमा पाईरेसी नियन्त्रणमा प्रभावकारिता आउने देखिएकोले प्रतिलिपि अधिकार ऐन कार्यान्वयनका लागि हरेक जिल्लामा एक जना प्रहरी निरीक्षकलाई नोडल अधिकृत तोक्नु उपयुक्त हुनेछ ।

प्रतिलिपि अधिकारसँग सम्बन्धित स्रष्टा सर्जक, कलाकार, प्रस्तोता, प्रसारक तथा उत्पादकहरू लगायतले पालना गर्नुपर्ने आचारसंहिता तयार गरी सम्बन्धित संघ संस्थाहरूसँग छलफल तथा परामर्शपश्चात् लागू गर्न सके आफ्नो अधिकारको संरक्षण गर्ने र अरूको अधिकार उल्लंघन नगर्ने परिपाटी बस्नेछ । यसरी तयार भएको आचारसंहिताको पालना र प्रतिलिपि अधिकारको उल्लंघन तथा पाइरेसीबारे अनुगमन गर्न जिल्लास्तरमा सरोकारवाला संस्थाहरूको प्रतिनिधित्व भएको एक अनुगमन समितिको गठन गर्न आवश्यक छ । साथै केन्द्रीयस्तरबाट अनुगमन तथा निरीक्षण गर्ने कार्य प्रभावकारी पारिनु पर्दछ ।

प्रतिलिपि अधिकार ऐन कार्यान्वयनको हालको अवस्थामा उल्लेखित संरचनागत व्यवस्था, अनुगमन कार्यक्रम र आचारसंहिताको पालनावाट सुधार आई पाइरेसी नियन्त्रणमा सकारात्मक प्रभाव पर्नेछ ।

विसु कुमार के.सी., रजिष्ट्रार

**Nepal Copyright Registrar's Office**
Kalikasthan, Kathmandu, Nepal
Tel: 977-1-4431155, 4443750
Fax: 977-1-4431144, PO Box: 430
E-mail: info@nepalcopyright.gov.np
Web Page: www.nepalcopyright.gov.np

प्रतिलिपि अधिकार बुलेटिन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट निःशुल्क वितरण गरिन्छ । यस बुलेटिनका सम्बन्धमा यदि तपाईको कुनै जिज्ञासा वा सुझाव छ भने हामीलाई यस ठेगानामा सम्पर्क गर्न नबिर्सनु होला ।

Mail to:

All Photos by NCRO, © सर्वाधिकार : नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा सुरक्षित । प्रिन्टिङ्ग : सगुन प्रिन्टिङ्ग प्रेस, टेकु ।